आज मिति २०८२/ ०७ / २८ गते दिनको ११:०० बजे यस गोरखा नगरपालिकाका नगर प्रमुख श्री कृष्ण बहादुर राना मगरज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा देहाय बमोजिमका कार्यपालिका सदस्यज्यूहरुको उपस्थिति रही निम्न अनुसारका निर्णयहरु गरियो ।

| सि.नं | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | कृष्ण बहादुर राना मगर | |
| २ | नगर उप प्रमुख | मसली माया थोकर | |
| ३ | वडा नं १ वडा अध्यक्ष | हिक्मत बहादुर कुँवर | |
| ४ | वडा नं २ वडा अध्यक्ष | रहम तुल्ला मियाँ | |
| ५ | वडा नं ३ वडा अध्यक्ष | चुल बहादुर कुँवर | |
| ६ | वडा नं ४ वडा अध्यक्ष | लाल प्रसाद भट्टराई | |
| ७ | वडा नं ५ वडा अध्यक्ष | बिष्णु बहादुर मगर | |
| ८ | वडा नं ६ वडा अध्यक्ष | राजेन्द्र कुमार जोशी दिलिप | |
| ९ | वडा नं ७ वडा अध्यक्ष | विष्णु प्रसाद श्रेष्ठ | |
| १० | वडा नं ८ वडा अध्यक्ष | ऋषि राम खत्री | |
| ११ | वडा नं ९ वडा अध्यक्ष | कुल ब. कुँवर | |
| १२ | वडा नं १० वडा अध्यक्ष | प्रदिप कुँवर | |
| १३ | वडा नं ११ वडा अध्यक्ष | राम ब. खड्का | |
| १४ | वडा नं १२ वडा अध्यक्ष | डिल ब. थापा (मगर) | |
| १५ | वडा नं १३ वडा अध्यक्ष | मित्रा परियार | |
| १६ | वडा नं १४ वडा अध्यक्ष | गोपाल बहादुर थापा | |
| १७ | नगर कार्यपालिका सदस्य | श्री रन्जिला श्रेष्ठ | |
| १८ | नगर कार्यपालिका सदस्य | श्री सावित्रा थापा पुलामी | |
| १९ | नगर कार्यपालिका सदस्य | श्री कमला भट्ट | |
| २० | नगर कार्यपालिका सदस्य | श्री अप्सरा रेग्मी (नेपाली) | |
| २१ | नगर कार्यपालिका सदस्य | श्री पम्फा गान्धारी | |
| २२ | नगर कार्यपालिका सदस्य | श्री सिता मग्राती (अछामी) | |
| २३ | नगर कार्यपालिका सदस्य | श्री पवित्रा वि.क | |
| २४ | नगर कार्यपालिका सदस्य | श्री राम बहादुर रम्तेल | |
| २५ | प्रमुख प्रशासकीय अधिकृत | श्री एकदेव खनाल | |
| | अन्य उपस्थिति | | |
| | लेखा अधिकृत | श्री सन्तोष [illegible] | |
| | [illegible] अधिकृत | श्री [illegible] प्रसाद [illegible] | |
| | प.वि.अ. | श्री [illegible] | |
| | के.वि.अ. | श्री [illegible] | |

गोरखा नगरपालिका

नगर कार्यपालिकाको बैठक संख्या :

मितिः २०८२/०७/२८ गते

## मिति २०८२/०७/२८ गतेको कार्यपालिकाको बैठकको प्रस्ताव र निर्णयहरु

**प्रस्ताव नं. १ : सशर्त अनुदानको योजनाहरु कार्यान्वयन सम्बन्धमा ।**

निर्णय नं. १ : यस गोरखा नगरपालिकामा आ.व. २०८२/८३ मा नेपाल सरकार मार्फत सशर्त अनुदान अन्तर्गत हस्तान्तरित पुँजीगत किसिमका योजनाहरुको नेपाल सरकार, अर्थ मन्त्रालयले विकसित नयाँ राजनैतिक घटनाक्रम र जेन जी आन्दोलन पश्चात मिति २०८२ असोज ५ गते र २०८२/७/१८ गतेको परिपत्र अनुसार सहज र विवाद नभएका स्थानहरुको योजनामा तुरुन्तै ठेक्का प्रक्रियाबाट र विवाद भएका स्थानहरुमा विद्यमान कानुन बमोजिम विवाद समाधान भए पश्चात ठेक्का प्रक्रियाबाट संचालन गरिने र यस योजनाहरु संघ सरकारको हस्तान्तरित योजनाभएकोले ठेक्का प्रक्रियामा लैजाँदा यसै आर्थिक बर्षभित्र सम्पादन गर्ने शर्तमा ठेक्का लगाउने अन्यथा यसको दायित्व नगरपालिकाले अर्को आर्थिक बर्षमा बहन नगर्ने वा गर्न नसक्ने शर्तमा मात्र कार्यान्वयन गरिने निर्णय गरियो ।

**प्रस्ताव नं. २ : समपुरक अनुदान अन्तर्गतको योजना ठेक्का लगाउने बिषयमा ।**

निर्णय नं. २ : गोरखा नगरपालिका वडा नं. ६ र ८ मा अवस्थित पुरानो बसपार्क देखि खोलखोले सम्मको सडक, फुटपाथ तथा नाला व्यवस्थापन शीर्षकमा यस आ.व. २०८२/८३ र आ.व. २०८३/८४ मा स्रोत सुनिस्चितता भएको नगरपालिकाको साझेदारी सहितको संघीय समपुरक अन्तरगतको रु. ७ करोड, नगरपालिकाको क्रमागत योजना अन्तर्गत रहेको रु. २ करोड, आ.व. २०८२/८३ को लागि गण्डकी प्रदेश सरकार र नगरपालिकाको साझेदारीको रु. १ करोड, आ.व. २०८३/८४ मा गण्डकी प्रदेश सरकार मार्फत प्राप्त हुने समपुरक साझेदारी रकम समेत यसै योजनामा माग गर्ने र प्राप्त हुने रकम तथा केही आवश्यक संरचनाको लागि अन्य नगर तर्फको र थप प्राप्त हुन् सक्ने स्रोत जुटाई हरमटारी चोक देखि पेट्रोल पम्प नजिकको खोल्सी सम्म दायाँ बायाँ नाला व्यवस्थापन, सडक विस्तार, फुटपाथ निर्माण तथा बिसौनी मोडको व्यवस्थापन र बिसौनी मोड माथिको खोल्सीमा कल्भर्ट निर्माण, हरमटारी स्थित शहीद स्मृति गेट भत्काई सोही स्थानमा मापदण्ड बमोजिम रहेको नयाँ शहीद स्मृति गेट निर्माण लगायतको निर्माण कार्यको लागत अनुमान रकम रु. ११,९९,६७,८७७.९८ को लागत अनुमान स्वीकृत गर्ने र विद्युतीय बोलपत्रको माध्यमबाट ठेक्का लगाउने निर्णय गरियो ।

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुङ्गी डाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

प्रमाणित
०८२/७/२८
प्रमुख प्रशासकीय अधिकृत

गोरखा नगरपालिका
नगर कार्यपालिकाको बैठक संख्या :
मितिः २०८२/०७/२८ गते

**प्रस्ताव नं. ३ : कृषि उपज संकलन तथा किसान बजार संचालन कार्यविधि २०८२, मासुजन्य उत्पादन/ प्रतिफलमा आधारित अनुदान सम्बन्धी कार्यविधि-२०८२ पारित र पशु बिकास कार्यक्रम कार्यान्वयन कार्यविधि – २०७७ संशोधन सम्बन्धमा ।**

**निर्णय नं ३ :** गोरखा नगरपालिकाको आ.व. २०८२/८३ को बार्षिक योजनाहरु कार्यान्वयन गर्ने क्रममा आवश्यक रहेको कृषि उपज संकलन तथा किसान बजार संचालन कार्यविधि २०८२, मासुजन्य उत्पादन/ प्रतिफलमा आधारित अनुदान सम्बन्धी कार्यविधि-२०८२ छलफल भई पारित गर्ने र पशु बिकास कार्यक्रम कार्यान्वयन कार्यविधि – २०७७ संशोधन प्रस्तावमा छलफल भई संशोधन सहित पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ : संघीय सरकारको निर्णय बमोजिम करार कर्मचारीहरुको बिषयमा आवश्यक छलफल/निर्णय बारे ।**

**निर्णय नं ४ :** नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०८२/६/५ गतेको परिपत्र अनुसार यस नगरपालिकाको स्वीकृत दरबन्दी भन्दा बाहिर रहेका पदहरुमा कार्यरत करार जनशक्तिहरु क्रमश हटाउँदै लैजाने बिषयमा यस अघि नगर सभाले निर्णय गरेको बाताबरण अधिकृत र सुचना प्रविधि अधिकृत पदको अवधिको हकमा सोही बमोजिम हुने र बाँकी निम्न पदहरुको हकमा पौष मसान्त सम्म निरन्तरता दिने तथा सोही समयमा नगरपालिकामा स्वास्थ्य, शिक्षा, नगरपालिका तथा वडा कार्यालयमा आवश्यक रहने अत्यावश्यक जनशक्तिको यकिन गरी अन्यको हकमा उपयुक्त निर्णय लिने र नगरपालिका तथा संघीय सरकारको कार्यक्रमहरुमा बजेट व्यवस्थापन गरी संचालन भएको कार्यक्रम अन्तर्गत कार्यरत जनशक्तिको हकमा यस आ.व. को अन्त्य सम्म नै निरन्तरता दिने निर्णय गरियो। त्यसै गरी गत आ.व. २०८१/८२ मा नै कार्यपालिकाको निर्णय भई बजेट समेत सुनिस्चितता गरी वडा कार्यालयहरुमा कार्यालय सहायक र सहयोगी पदमा बिज्ञापन गरिएकोमा जेन जी आन्दोलन लगायत नयाँ बिकसित घटनाक्रमले रोकिएको पदपूर्तिको कार्यलाई स्रोत समेत छुट्याइएकोले गर्दा यस आ.व. २०८२/८३ मा लागु हुने गरी अगाडी बढाउने निर्णय गरियो ।

<u>निरन्तरता दिने पदहरु</u>

इन्जिनियर छैटौ – १, सब इन्जिनियर – ३, आर्किटेक्चर सब इन्जिनियर – १, सरसफाई सुपर भाइजर – १, कम्प्युटर अपरेटर – २ ( १ पद स्वीकृत दरबन्दीभित्र रहेको),

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

प्रमाणित

गोरखा नगरपालिका
नगर कार्यपालिकाको बैठक संख्या :
मिति: २०८२/०७/२८ गते

रिक्त भई खारेज हुने पद:

बाताबरण अधिकृत — १

छलफल गरी किटान गर्नुपर्ने पदहरु : कार्यालय सहायक र सहयोगी, सवारी चालक, चौकीदार, स्वीपर, माली ।

शिक्षा तथा स्वास्थ्य तर्फरहेका दरबन्दी र पदहरुको अध्ययन पश्चात आवश्यक निर्णय गरिने ।

**प्रस्ताव नं. ५ : आ.व. २०८२/८३ को प्रारम्भिक बेरुजु प्रतिवेदन बारे छलफल ।**

निर्णय नं. ५ : आ.व. २०८१/८२ को लेखा परिक्षणको क्रममा प्राप्त भएको महालेखा परिक्षकको कार्यालयको प्रतिवेदन उपर छलफल भई उठेका बेरुजु बिषयहरुमा प्रमाण. असुल उपर र नियमित गर्नुपर्ने कार्यलाई छिटो सम्पन्न गरी बेरुजु घटाउने निर्णय गरियो।

**प्रस्ताव नं. ६ : सडक बोर्ड नेपालमा पेश गरिने योजना सम्बन्धमा ।**

निर्णय नं. ६ : आर्थिक बर्ष २०८२/८३ मा सडक बोर्ड नेपाल बाट प्राप्त हुने रकम र नगरपालिकाको सहलागानीबाट गत बर्ष योजना छुट हुन गएका ६ वटा वडाहरु ( वडा नं. १, वडा नं. ३, वडा नं. ४ , वडा नं. ७ , वडा नं. ११ र वडा नं. १४)को वडा समितिबाट निर्णय गराई माग गरिएको योजनाहरु तथा वडा नं ६ को छहरे देखि गोरखा दरबार सम्म जाने सडकबाटो मर्मत सुधार योजनामा बिनियोजन गर्ने र स्वीकृतिको लागि आवश्यक प्रक्रिया र कागजात सहित सडक बोर्ड नेपालमा पेश गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ७ : कृषि धानबाली क्षति सम्बन्धमा ।**

निर्णय नं ७ : गोरखा नगरपालिका भित्र यसै बर्ष २०८२ को कार्तिक महिनामा परेको बेमौसमी झरी र बर्षातबाट धानबालीमा क्षति पुगेको हुँदा सम्बन्धित वडा कार्यालयहरुबाट सो को यथार्थ क्षतिको बिवरण मुचुल्का सहित संकलन गर्ने र खेती गरिएको प्रति रोपनी क्षेत्रफलको आधारमा बिउ बिजन लगायतको हिसाबमा राहत दिनको लागि बिवरण संकलन गर्न लगाउने निर्णय गरियो।

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्री डाँडा, गोरखा

प्रमाणित

गोरखा नगरपालिका
नगर कार्यपालिकाको बैठक संख्या :
मितिः २०८२/०७/२८ गते

**प्रस्ताव नं ८ : आय ठेक्काको अनुमोदन ब्याक हो लोडर खरिद ठेक्का अस्वीकृत गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ८ :** गोरखा नगरपालिकाले यसै आ.व. २०८२/८३ को लागि खोलेको बाताबरण शुल्क सम्बन्धी आय ठेक्का स्वीकृतिको अनुमोदन गर्ने तथा ब्याक हो लोडर खरिद सम्बन्धीको ठेक्का प्रक्रिया मार्फत कार्य अगाडी बढाइएकोमा थप अध्ययन गर्दा उक्त ब्याक हो लोडर खरिद गर्न प्राविधिक स्पेशिफिकेशन परामर्श सेवा मार्फत बनाइएकोमा ब्रेकर राख्ने पाटपुर्जा फिटिंग गर्ने आर.बि.सि. जडानसहितको स्पेशिफिकेशन भएको, सो बापत लागत अनुमान तयार हुँदाको रकम सदुपयोग नहुने देखिएको, यस प्रणालीको उपयोग पछिसम्म पनि नगरपालिकालाई आवश्यक नपर्ने देखिएको र यसको मूल्य तुलनात्मक रुपमा महँगो समेत देखिएकोले उपयोगमा नआउने प्रणाली जडित ब्याकहो लोडर खरिदको यस ठेक्का प्रक्रिया मार्फत खरिद प्रक्रिया अस्वीकृत गर्ने र आवश्यक कार्यान्वयनमा लैजाने निर्णय गरियो।

**प्रस्ताव नं. ९ : फोहरमैला व्यवस्थापन सम्बन्धी समस्या बारे ।**

**निर्णय नं ९ :** गोरखा नगरपालिका भित्रको फोहरमैला बिसर्जन गर्ने स्थलको समस्या भैरहेको सन्दर्भमा हाल बिसर्जन गरिएको वडा नं. ७ स्थित बेलडाँडामा स्थानीयहरुले यसै बर्षको मंग्सिर २५ गते सम्मको समय दिएको र त्यस पछि बिसर्जन गर्ने स्थलको रुपमा वडा नं. ९ को लुदिखोला नजिकको जंगलमा अस्थायी रुपमा बिसर्जन गर्न पहल गर्ने र सो क्रममा स्थायी रुपमा समस्या समाधानको लागि उपयुक्त जग्गा अधिग्रहणको प्रक्रिया अगाडी बढाउन सबै सरोकारवालाहरु सँग छलफल गरी उपयुक्त निकास लिने निर्णय गरियो ।

**प्रस्ताव नं. १० : नगरपालिकाको नयाँ भवन निर्माणको बिस्तृत आयोजना प्रतिवेदन तयार गर्ने सम्बन्धमा।**

**निर्णय नं १० :** गोरखा नगरपालिकाको कार्यालय भवनको लागि हाल संचालनमा रहेको भवन जीर्ण भएकोले गर्दा हाल नगरपालिकामा अन्यत्र जग्गा खोजबिन गरी बैकल्पिक स्थल चयन गर्ने प्रक्रिया समेत नरहेको, बन्दै गरेको वडा नं. ७ स्थित बहुउद्देश्यीय सभाहलमा नगरपालिकाको कार्यालय संचालन गर्न व्यवहारिक रुपले असम्भव रहेको र सम्भावित अन्यत्र जस्तै जिल्ला समन्वय समितिको भवन रहेको स्थल, सिंचाई कार्यालयको भवन रहेको स्थल वा कुनै सार्वजनिक कार्यालय रहेको स्थलको जग्गा प्राप्त गर्ने स्थिति समेत नरहेकोले गर्दा पछि त्यस्तै अवस्था आइपरे सोही बमोजिम हुनेगरी हाललाई नगरपालिका भवन रहेकै स्थलको जग्गामा नयाँ भवन निर्माण गर्ने मिल्ने हिसाबमा यस स्थल

... मगर

गोरखा नगरपालिका नगर कार्यपालिकाको कार्यालय ... डाँडा, गोरखा

प्रमाणित
... अधिकृत

गोरखा नगरपालिका

नगर कार्यपालिकाको बैठक संख्या :

मितिः २०८२/०७/२८ गते

उपयुक्त र पर्यटकीय र संस्कृतिक चिनारी समेत झल्किने गरी बन्ने भवनको बिस्तृत आयोजना प्रतिवेदन नगर विकास कोषको साझेदारीमा निर्माण गर्न आवश्यक कागजात सहित लेखी पठाउने निर्णय गरियो।

प्रस्ताव नं. ११ : बिबिध ।

निर्णय नं ११ : बिबिध ।

क. घ बर्गको निर्माण इजाजत प्रदान सम्बन्धमा : यस गोरखा नगरपालिकामा विभिन्न निर्माण फर्महरुले रितपुर्वक घ बर्गको निर्माण इजाजत प्राप्त गरीपाउँ भनी निवेदन दिएकोले आवश्यक कागजात परिक्षण गरी प्रक्रिया पुगेको हकमा निम्न निर्माण फर्महरुलाई घ बर्गको निर्माण इजाजत प्रदान गर्ने निर्णय गरियो ।

१. इलाइट कन्स्ट्रक्सन, वडा नं ६, गोरखा नगरपालिका।

२. ए.जी. कन्ट्रक्सन, वडा नं. ८, गोरखा नगरपालिका।

३. आमोन कन्स्ट्रक्सन, वडा नं. ७, गोरखा नगरपालिका ।

४. आर.ए. मल्टी कन्स्ट्रक्सन वडा नं. ३ , गोरखा नगरपालिका ।

ख. जिल्ला प्रशासन कार्यालयको हाता भित्र रहेको MRC कक्षको बिस्तार सम्बन्धमा : यस गोरखा जिल्लाको जिल्ला प्रशासन कार्यालय रहेको हाताभित्र हाल संचालनमा रहेको आप्रवासी स्रोत केन्द्र रहेको अस्थायी संरचनालाई थप फराकिलो पार्नुपर्ने आवश्यकता देखिएकोले सो कार्य रु. १ लाख भित्र रही मर्मत सम्भार शीर्षकबाट कार्यान्वयन गराउने निर्णय गरियो।

ग. आयुर्वेद शाखाको भवन व्यवस्थापन सम्बन्धमा : यस नगरपालिकाको आयुर्वेद शाखा जिल्ला अस्पताल गोरखाको हाताभित्र संचालनमा रहेको र उक्त स्थानमा गत बर्ष नै संरचना निर्माण गरिएकोमा सो को व्यवस्थापन गरी संचालनमा ल्याउने उद्देश्यले रु. ३ लाख बिनियोजन गरिएको र यसमा अपुग हुने रकम मर्मत सम्भार शिर्षकबाट व्यहोर्ने निर्णय गरियो।

घ. सार्वजनिक निर्माण शीर्षक बाट कार्य गर्ने सम्बन्धमा : गोरखा नगरपालिकाको वडा नं ६ स्थित धोबी खोला नियन्त्रणको लागि रु. २ लाख , कट्टेल डाँडा देखि आमडाँडा जाने बाटो ग्रावेल र मर्मत सम्भारको लागि रु. ८ लाख , वडा नं. १ वडा कार्यालयमा शौचालय र भर्याग निर्माण रु. ३ लाख रकम सार्वजनिक निर्माण शिर्षकबाट बिनियोजन गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्री डाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

प्रमाणित
प्रमुख प्रशासकिय अधिकृत

गोरखा नगरपालिका
नगर कार्यपालिकाको बैठक संख्या :
मितिः २०८२/०७/२८ गते

ङ. **फोहरमैला बिसर्जन स्थलमा फोहरमैला लैजान गाडीलाई धकेल्ने ब्याक हो लोडरको खर्च सम्बन्धमा :** यस गोरखा नगरपालिकाको वडा नं. ७ स्थित बेलडाँडामा रहेको फोहरमैला बिसर्जन स्थलमा बाटो हिर्ण भई बर्षातको समयमा र कार्तिक महिनामा आएको झरीको बखत फोहरमैला लिएर गएको गाडी तान्न र धकेल्न र फोहरमैला सम्याउन ब्याक हो लोडर प्रयोग गर्नुपर्ने भएकोले सो बापत लागेको लागेको ब्याक हो लोडरको भाडा खर्च व्यहोर्ने नगरपालिकाको विपद व्यवस्थापन कोष शिर्षकको रकमबाट व्यहोर्ने निर्णय गरियो।

च. **वडा नं. १२ मा गरेको कार्यको रकम सोधभर्ना सम्बन्धमा:** गोरखा नगरपालिका वडा नं. १२ को सडक बोर्ड नेपाल को साझेदारीमा सम्पादित आ.व. २०८१/८२ तर्फको योजनाको रकम सडक बोर्ड नेपालबाट प्राप्त भएपछी नगरपालिकामा आम्दानी बाँधी खर्च गर्ने लक्ष्य सहित यस सम्पादित योजनाको भुक्तानी हुनुपर्ने रकम सोध भर्ना हुने गरी नगरपालिकाको बिबिध खर्च खातामा रहेको रकम वा अन्य कुनै मिल्ने शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

छ. **योजना स्वीकृति सम्बन्धमा :** गोरखा नगरपालिका वडा नं. ९ को ओसन क्लव चेंजिंग कक्ष निर्माणको लागि वडा नं. ९ तर्फ विनियोजित रु. १.५० लाख, नगरको रु. १ लाख र ओसन क्लव अन्डर १३ लिग संचालन गर्न विनियोजित रु. ४ लाख पनि सोही योजनामा खर्च गर्ने गरी नगर सभाबाट अनुमोदन गर्ने गरी ओसन क्लव चेंजिंग कक्ष निर्माण — रु. ६ लाख ५० हजार योजना कायम गरी कार्यान्वयन गर्न लगाउने निर्णय गरियो ।

ज. **बिजुलीको पोल स्थानान्तरण सम्बन्धमा :** यस गोरखा नगरपालिका वडा नं. ५ गोरखा दरबार नजिकै बिजुलीको पोल स्थानान्तरण कार्यको लागि रु. धरौटीको रुपमा नगरपालिकाको मिल्ने शिर्षक ( लागत साझेदारी शिर्षक रु १ करोड) बाट रु. २,८१,४९८.५६ व्यहोर्ने र वडा नं. १४ उस्तै प्रयोजनको लागि आवश्यक रकम रु. ७१,०००.१६ सोही शीर्षकबाट व्यहोरी कार्य गर्न लगाउने निर्णय गरियो।

झ. **बेवारिसे लास व्यवस्थापन खर्च सम्बन्धमा :** गोरखा नगरपालिकामा गोरखा जिल्ला अस्पतालमा रहेको ६ वटा बेवारिसे लासलाई जिल्ला प्रहरी कार्यालयको सहयोगमा व्यवस्थापन गरिएकोले उक्त कार्यमा सहजीकरण गर्ने प्रहरीहरुलाई एकदिनको परिश्रमिक रकम, यातायात र खाजा खर्च उपलब्ध गराउने निर्णय गरियो ।

ञ. **सगरमाथा वृक्षारोपण अभियान अन्तर्गत जिल्ला बन कार्यालयसँग बिरुवा उत्पादनमा साझेदारी:** यस गोरखा नगरपालिका भित्र वृक्षरोपण गर्ने प्रयोजनको लागि बिरुवा उत्पादन गर्ने प्रयोजनले आवश्यक सम्झौता सहित कार्य गर्नको लागि जिल्ला बन कार्यालयसँगको समन्वयमा कार्य गर्ने

कृष्ण बहादुर राना मगर

गोरखा नगरपालिका नगर कार्यपालिकाको कार्यालय डुम्री डाँडा, गोरखा गण्डकी प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

गोरखा नगरपालिका

नगर कार्यपालिकाको बैठक संख्या :

मितिः २०८२/०७/२८ गते

प्रयोजनले सागरमाथ वृक्षारोपण अभियान अन्तर्गत विनियोजित रु. २ लाख उक्त कार्यमा खर्च गर्ने निर्णय गरियो ।

ट. <u>विपद लक्षित बाटो सरसफाई खर्च सम्बन्धमा :</u> यस गोरखा नगरपालिका वडा नं. २ र १३ मा यसै वर्षको वर्षायाममा गरिएको विपद लक्षित बाटो सरसफाई खर्च सार्वजनिक नाला, बाटो वा स्थल रु. ७ लाखबाट व्यहोर्ने निर्णय गरियो ।

ठ. <u>पर्यटन बर्षतर्फ :</u> गोरखा नगरपालिका वडा नं. ५ स्थित गोरखा पार्क निर्माणमा आवश्यक फुल रोप्ने छहारी बनाउने कार्य गर्नको लागि पर्यटन बर्ष तर्फको विनियोजित रकमबाट खर्च व्यहोर्ने तथा सोही शिर्षकबाट गोरखा नगरपालिका भित्र रहेका सबै ऐतिहासिक, पर्यटकीय तथा सांस्कृतिक स्थलहरुको चिनारी समेटेर जानकारीमुलक वृत्तचित्र निर्माण गर्ने निर्णय गरियो ।

ड. <u>अनुदान तर्फको शिक्षकको निरन्तरता सम्बन्धमा:</u> यस गोरखा नगरपालिकामा यस आ.व. मा नि.मा.वि. स्तरीय ३ वटा अनुदानको कोटामा रहेका शिक्षकहरुको सेवालाई अनुदान रकम नआएको खण्डमा अघिल्लो कार्यपालिकाको बैठकले कार्तिक मसान्तसम्म नगरपालिकाको स्रोतबाट निरन्तरता दिने भनिएको र सेवा अन्त्य गर्दा निजहरु कार्यरत रहेको बिद्यालयमा पठनपाठन प्रक्रिया अवरुद्ध हुने देखिएकोले अनुदान रकम निकासा भएको खण्डमा सोधभर्ना हुने गरी अन्यथा सोही सोही करार सेवा तलब भत्ता शिर्षकबाट तलब भत्ता व्यहोर्ने गरी यसै शैक्षिक सत्रको अन्त्य सम्ममा निरन्तरता दिने निर्णय गरियो।

ढ. <u>छेवेटार कभर्ड हल निर्माणस्थलको जग्गा सम्याउने खर्च सम्बन्धमा :</u> यस गोरखा नगरपालिका वडा नं. १० स्थित छेवेटारमा नगरपालिकाबाट निर्माण गर्न लागिएको कभर्डहलको लागि ठेक्का लगाउने क्रममा चौरको जग्गा प्रयोग गरी बनाउने भनिएको तर सो जग्गा रंगशाला निर्माणको लागि प्रयोग गर्नुपर्ने भएकोले अन्यत्र निर्माण गर्नुपर्ने भएकोले र उक्त जग्गा सम्याउनुपर्ने देखिएकोले सो को लागि आवश्यक रु. १० लाख क्रमागत ठेक्का दायित्व शीर्षकमा बचत हुने रकमबाट व्यहोर्ने निर्णय गरियो ।

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्री डाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

प्रमाणित
...मुख प्रशासकिय अधिकृत